## आ.व. २०७८/७९ को छैठौ बैठक

आज मिति २०७८ साल फाल्गुण १९ गते विहान ८:०० बजे राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन् ।

### उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी , राप्ती गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुमाल, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, राप्ती गाउँ कार्यपालिका ।
सदस्य सचिव श्री शोभाराम रिजाल, राप्ती गाउँ कार्यपालिका

### आमन्त्रित

श्री विश्वास वि.क. शाखा अधिकृत
श्री विकास ज्ञवाली, अधिकृत
· श्री बालचन्द्र गुरुङ , सूचना प्रविधि अधिकृत
श्री बासुदेव खनाल शिक्षा अधिकृत
श्री जीवनकुमारी जिसी म.वि.नि .
श्री गिता चौधरी खा.पा.स.इ.
श्री सिमा भट्ट प्रा.स.
श्री बरसाती गडरिया प्रा.स.
श्री शेर ब. हमाल रिजाल प.स्वा.प्रा.
श्री प्रकाश भट्टराई क.प्र.
श्री रेशम राज अधिकारी

मिति २०७८।११।१९ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदी ज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु:

१. प्रमुख प्रशासकीय अधिकृतबाट पेश गरिएको प्रस्तावित विवरण ( श्रावण देखि माघ मसान्त सम्मको ) उपर छलफल गरी स्विकृत गर्ने ।
२. वडा कार्यालय तथा शाखाबाट पेश भएका योजना तथा कार्यक्रमहरु नियमानुसार रकमान्तर तथा योजनाको संसोधन गर्ने ।
३. राप्ती गाउँपालिका स्तरीय दलित संजाल समितिबाट पेश भएको प्रस्ताव बमोजिअनुसार गाउँपालिकाको विषयगत शाखा,खरिद ईकाईसंग समन्वय गरी कार्यान्वियन गर्ने ।
४. स्व. खुम बहादुर खड्का स्मृती कपका लागि यस गाउँपलिकाबाट सहभागिता जनाउनेखेलाडीहरुलाई विभिन्न खेलकुद सामाग्री तथा अन्य खर्च वापतको रकम रु. २,००,०००/-सहयोग गर्ने ।
५. यस गाउँपलिकाबाट बनेका देहाय बमोजिमका विभिन्न नीति, कार्यविधि, निर्देशिका तथा रणनीति स्वीकृत गर्ने निर्णय गरियो ।
    - बाल विवाह अन्त्यका लागि राप्ती गाउँपालिकाको रणनीति तथा कार्ययोजना २०७८-२०८८
    - राप्ती गाउँपलिकाको लैङ्गिक समानता, अपाङ्गता तथा समावेशीकरण नीति २०७८
    - बालकोष सञ्चालन कार्यविधि,२०७८
    - बाल सञ्जाल गठन र सहजीकरण निर्देशिका,२०७८
    - राप्ती गाउँपालिकाको बालश्रम निवारण सम्बन्धी रणनीति,२०७८
    - राप्ती गाउँपालिकाको बाल संरक्षण नीति,२०७८
    - स्थानीय बाल अधिकार समिति सञ्चालन कार्यविधि,२०७८
    - विषयगत समिति सञ्चालन कार्यविधि,२०७८
६. यस गाउँपलिकाबाट बनेका तपशिल बमोजिम कार्यविधिलाई सभामा पेश गर्ने निर्णय गरियो ।
    - लेखा समिति गठन तथा सञ्चालन कार्यविधि २०७८
    - राप्ती गाउँपालिकाको विद्यालय समिति (गठन तथा सञ्चालन) कार्यविधि २०७८
    - राप्ती गाउँपालिका योजना तथा सुशासन समिति गठन तथा सञ्चालन कार्यविधि २०७८
७. यस गाउँपालिका क्षेत्र भित्र चमेनागृह सञ्चालन गर्नका लागि चमेनागृह व्यवस्थापन कार्यविधि २०७८ स्वीकृत गर्ने ।
८. राप्ती गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७८ तयार गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरियो।
९. कर्मचारीको आन्तरिक पर्यटन काज तथा कर्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ लाई मस्यौदा तयार गर्नका लागि सैद्धातिक सहमति दिने निर्णय गरियो ।
१०. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुले भरेका फारमको लगत प्रविष्टीका लागि यस अघि खटाईएका कर्मचारीहरुलाई आवश्यकता बमोजिम खटाउने साथै आवश्यक परेमा नयाँ कर्मचारी करारमा लिने तथा जग्गा नापजाँच र भूमि सेवा केन्द्रका लागि आवश्यक उपकरण, सामाग्री खरिदको कार्य अगाडी बढाउने निर्णय गरियो ।
११. राप्ती गाउँपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी ) ऐन २०७८ को मस्यौदा तयार गर्नका लागि सैद्धान्तिक सहमति दिने गर्ने गरियो ।
१२. गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाई मार्गदर्शन २०७८ अनुसूची ६ बमोजिम गैर गरिब सूचीकृत भएका परिवारलाई गरिब परिवारको रुपमा सूचीकरणका लागी वडाहरुबाट आएका २२२ जनालाई भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पठाउने निर्णय गरियो ।
१३. विगत देखि सामाजिक सुरक्षा वापत भत्ता पाईरहेका अनाथ बालबालिका तथा आवश्यकताको आधारामा मापदण्ड पुगेका वालबालिकालाई समेत तोकिए बमोजिम भत्ता दिने निर्णय गरियो ।

शोभाराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

१४. लुम्विनी प्रदेश स्थापना दिवस २०७८ मा यस गाउँपालिकाबाट आ-आफ्नो भेषभुषा ,संस्कृति झल्किने गरी गरी झाँकी पर्दशन गर्ने ४ समुहलाई रु ५०००/- दरले रकम दिने निर्णय गरियो ।

१५. नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कामकाजमा खटिई आउनुभएका प्राविधिक सहायक (शिक्षा समुह) कर्मचारी श्री देवी मल्ललाई कामकाजमा खटाई पारिश्रमिक लगायतका नियमानुसारका सेवा सुविधा उपलब्ध गराउने ।

१६. राप्ती गाउँपालिका वडा नं. ८ मा रहेको नमुना बचत तथा श्रृण तथा सहकारी संस्थालाई राप्ती गाउँपालिका को सबै वडामा सेवा विस्तारका लागि अनुमति दिने ।

१७. राप्ती गाउँपालिका वडा नं. ४ को मुक्त कमैया वस्ती र वडा नं ३ को ६५ नं. गाउँटोलको वीचमा रहेको करम्दी खोलामा झोलुङ्गे पुल निर्माणका लागि TBSU हेल्वाटास नेपालगञ्जलाई सिफारिस गर्ने ।

१८. कोभिड १९ को महामारी प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को अनुसूची बमोजिम ३ दिनको दावी विरोध सूचना प्रकाशन गरिएकोमा कुनै दावी विरोध नआएकोले यस गापा भित्रका ७१८ लाभग्राहीलाई रकम निकासाका लागि सिफारिस गर्ने ।

१९.नेपाल निवृत राष्ट्रसेवक समाज घोराही दाङलाई स्मारिका प्रकाशन प्रयोजनार्थ रु २०,०००/- उपलब्ध गराउने ।

२०. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग च.नं. १२०४ मिति २०७८।०९।२७ बमोजिम आ.व. २०७९/८० को लागि सामाजिक सुरक्षा ईकाईमा कार्यरत जनशक्ती (एम.आई.एस. अपरेटर र फिल्ड सहायक) का लागि छ महिना बराबर हुन आउने पारिश्रमिक रकम पालिकाले व्यहोर्ने गरी साझेदारी गर्ने ।

२१. राप्ती गापा आ.व. २०७८।७९ को स्विकृत अध्यक्ष क् विशेष कार्यक्रम अन्तरगत गाउँपालिकाका सबै वडाहरुको मन्दीर संरक्षण कार्यक्रम विनियोजित ५ लाखबाट देहाय बमोजिमको खर्च हुने गरी कार्यक्रम संचालन गर्ने ।

क- राप्ती गापा १ स्थित भद्राक्षी देवीको शाखा मन्दीर सिमलखुट्टी मझनिगढ देवी मन्दीर निर्माण प्लास्टर तथा रंगरोगन –रु १०००००/-

ख- राप्ती गापा १ स्थित ए.जी. मण्डलीको भवन निर्माण –रु २५००००/-

ग-राप्ती गापा ४ स्थित त्रिपिटक लाटाब्रहा कुल पुजा आचार्य मन्दिर संरक्षण – रु १०००००/-

घ- राप्ती गापा वडा नं.८ पिपरीमा ईश्वरी भवन (चर्च ) निर्माण – रु ५००००/-

शोभाराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं १ राप्ती गाउँपालिकाका विभिन्न शाखा तथा वडाहरुबाट रकमान्तर/संसोधनका लागि पेश हुन आएका योजनाहरुको देहाय बमोजिम रकमान्तर/संशोधन निर्णय गरियो ।

| सि.नं. | शाखा / इकाई | योजनाको नाम | खर्च शिर्षक | बजेटको श्रोत | विनियोजन रकम | रकमान्तर/संसोधन पछि कायम हुने आयोजनाको नाम | विनियोजन रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | महिला विकास सहकारी संस्थाको लागि नयाँ समुह सदस्यलाई अनुशिक्षण कार्यक्रम | २२५२२ | आन्तरिक ऋण / नगद ऋण | १००००० | महिला विकास सहकारी संस्थाको लागि नयाँ समुह सदस्यलाई अनुशिक्षण कार्यक्रम | ९१८४० |
| | | | | | | अनाथ बालबालिकाको लागि मासिक रु ५०० का दरले अनाथ भत्ता उपलब्ध गराउने | ८१६० |
| | | अपाङ्ग भएका ब्यक्तिहरुको परिचय पत्र र जेष्ठ नागरिक परिचय पत्र वितरण शिविर | २२५२२ | आन्तरिक ऋण / नगद ऋण | २००००० | अपाङ्ग भएका ब्यक्तिहरुको परिचय पत्र र जेष्ठ नागरिक परिचय पत्र वितरण शिविर | १२४००० |
| | महिला बालबालिका तथा जेष्ठ नागरिक इकाई | | | | | अनाथ बालबालिकाको लागि मासिक रु ५०० का दरले अनाथ भत्ता उपलब्ध गराउने | ७६००० |
| | | १६ दिने अभियान तथा श्रीमान श्रीमती सम्मान विकास कार्यक्रम | २२५२२ | आन्तरिक ऋण / नगद ऋण | ३००००० | १६ दिने अभियान तथा श्रीमान श्रीमती सम्मान विकास कार्यक्रम | २०२२५५ |
| | | | | | | | ९७७४५ |
| | | बालबालिकाले लागु औषधि सेवन गरे नगरेको परिक्षणका लागि युरिन किट सामाग्री खरिद परिक्षण गर्ने | २२५२२ | आन्तरिक ऋण / नगद ऋण | २००००० | प्रत्येक वडामा लागु पदार्थ सेवनकर्ताका अभिभावकलाई राखी अभिमुखिकरण कार्यक्रम | २००००० |
| १ | | अन्तराष्ट्रिय महिला दिवस | २२५२२ | आन्तरिक ऋण / नगद ऋण | १००००० | नारी दिवसको उपलक्ष्यमा विभिन्न वर्गका महिलाहरुलाई कानुनी सचेतना कार्यक्रम | १००००० |
| | | मागमा आधारित कार्यक्रम | २२५२२ | राजश्व बाडँफाँड | ५००००० | ५० % अनुदानमा साना यन्त्र उपकरण वितरण | ५००००० |
| | | निशुल्क टि.पि.एस. आलुको वियाँ वितरण कार्यक्रम | २२५२२ | आन्तरिक ऋण / नगद ऋण | ६०००० | निशुल्क टि.पि.एस. आलुको वियाँ वितरण कार्यक्रम | २७००० |
| | कृषि विकास शाखा | | | | | ५० % अनुदानमा साना यन्त्र उपकरण वितरण | ३३००० |
| | | खाद्यान्न तथा तरकारी वाली सम्वन्धी स्थलगत घुम्ती तालिम | २२५२२ | आन्तरिक ऋण/नगद ऋण | २००००० | ५०% अनुदानमा खाद्यान्न तथा तेलहन वालीको उन्नत विउ वितरण ढुवानी सहित | २००००० |
| | | ७५% अनुदानमा चैते धान विउ वितरण | २२५२२ | आन्तरिक ऋण/नगद ऋण | ५०००० | ५०% अनुदानमा खाद्यान्न तथा तेलहन वालीको उन्नत विउ वितरण ढुवानी सहित | ५०००० |
| २ | | घुम्ती वाली उपचार शिविर | २२५२२ | राजश्व बाडँफाँड | २००००० | हाटवजार व्यवस्थापन तथा संचालन | २००००० |
| | | प्रयोगशाला व्यवस्थापन तथा संचालन खर्च | २२३१९ | राजश्व बाडँफाँड | १५०००० | ५० % अनुदानमा साना यन्त्र उपकरण वितरण | १००००० |
| | | | | | | प्रयोगशाला व्यवस्थापन तथा संचालन खर्च | ५०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | किसान सँग विशेषज्ञ सेवा तथा उपचार | २२५२२ | राजश्व बाडँफाँड | २००००० | | २००००० |
| | पशुपन्क्षी विकास शाखा | सामाजिक पशुपन्क्षी तथा मत्स्य सम्बन्धी २ दिने तालिम | २२५२२ | राजश्व बाडँफाँड | १००००० | | १००००० |
| | | पानीको गुणस्तर नाप्ने उपकरण खरिद | ३११२२ | राजश्व बाडँफाँड | ७०००० | | ७०००० |
| | | एक गा.वि.स. पशु प्राविधिक तलब | २११११ | राजश्व बाडँफाँड | ४००००० | एक गा.वि.स. पशु प्राविधिक तलब | २००००० |
| | | घाँसको बिउ उत्पादन कार्यक्रम समुह/ सहकारी मार्फत | | | | ५० % अनुदानमा साना यन्त्र उपकरण वितरण | २००००० |
| ३ | | | २२५२२ | राजश्व बाडँफाँड | १००००० | अति विपन्न एकल मिहलाहरुलाई बाख्रा वितरण कार्यक्रम | १००००० |
| | | पशुपन्छी महामारी नियन्त्रण | २२५२२ | राजश्व बाडँफाँड | ५०००० | समुहहरुमा बोका वितरण | ५०००० |
| | शिक्षा | बैकल्पिक प्रणाली मार्फत शिक्षण सिकाई र विद्यार्थी अभिभावकको मनोसामाजिक अवस्था सम्बन्धी अभिमुखिकरण कार्यक्रम | २२५२९ | आन्तरिक ऋण / नगद ऋण | ५००००० | बैकल्पिक प्रणाली मार्फत शिक्षण सिकाई र विद्यार्थी अभिभावकको मनोसामाजिक अवस्था सम्बन्धी अभिमुखिकरण कार्यक्रम | १३००० |
| | | | | | | क्षमता विकास तालिम शिक्षा संग सम्बन्धित | ४८७००० |
| | | जम्मा | | | ३४८०००० | | ३४८०००० |

## आ.व.२०७८/०७९ को वडा तर्फको रकमान्तर/संसोधित योजनाहरुको विवरण

| सि.नं. | वडा | योजनाको नाम | खर्च शिर्षक | बजेटको स्रोत | विनियोजना रकम | रकमान्तर/संसोधन पछि कायम हुने आयोजनाको नाम | विनियोजन रकम |
|---|---|---|---|---|---|---|---|
| १ | | बराखुट्टी एकतानगरमा पक्की नाला निर्माण | ३११५१ | आन्तरिक ऋण | २००००० | अति विपन्न, एकल महिलालाई निशुल्क टिनको छाना वितरण | २००००० |
| २ | | साँस्कृतिक संरक्षण, कठाहा | २२५२२ | आन्तरिक ऋण | १२५००० | अति विपन्न, एकल महिलालाई निशुल्क टिनको छाना वितरण | १२५००० |
| ३ | | बराखुट्टी एकतानगरमा शार्वजनिक भवन निर्माण | ३११५१ | आन्तरिक ऋण | ४००००० | अति विपन्न, एकल महिलालाई निशुल्क टिनको छाना वितरण | ४००००० |
| ४ | | स्यानीघोष वाउनेपाटामा कुटानी पिसानीका लागि मिल खरिद | ३११२१ | आन्तरिक ऋण | ७०००० | एकतानगर बराखुट्टी टोलमा साउण्ड सिस्टम वितरण | ३५००० |
| ५ | | | | | | स्यानीघोषमा कुटानी पिसानीका लागि मिल खरिद | ३५००० |
| ६ | २ | कटेशनाला सालावुट सडक स्तरउन्नती | ३११५१ | आन्तरिक ऋण | ४००००० | बेटेनी टोल उत्तर तर्फ पुर्व पश्चिम सडक स्तरउन्नती | ३००००० |
| ७ | | | | | | लालमटिया सामुदायिक स्वास्थ्य केन्द्रमा व्याडमिन्टल कोर्ट | १००००० |
| ८ | | कठाहाको सामुदायिक भवन मर्मत | ३११५९ | आन्तरिक ऋण | २००००० | कठाहामा सडक बत्ति | २००००० |
| ९ | | संसार महसुल | २२११२ | आन्तरिक ऋण | ३०००० | इन्धन (कार्यालय प्रयोजन) | ६००० |
| १० | | | | | | संसार महसुल | २४००० |
| ११ | | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | आन्तरिक ऋण | २०००० | सवारी साधन मर्मत तथा उपकरण मर्मत खर्च | [illegible] |
| १२ | | | | | | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | १७००० |
| १३ | | आदर्श टोल बाटो स्तरउन्नती | ३११५१ | | ४००००० | खुरुरिया सामुदायिक स्वास्थ्य ईकाइ केन्द्र आवश्यक सामाग्री खरिद | ५०००० |
| १४ | | | | | | मसुरिया बर्चमा आवश्यक सामाग्री खरिद | २५००० |
| १५ | | | | | | बसन्तापुर बर्चमा आवश्यक सामाग्री खरिद | २५००० |
| १६ | | | | | | बसन्तापुर शिव मन्दिर परिसरमा माटो फिलिङ | १००००० |
| १७ | | | | | | मिलन चोक देखि करन्डी सम्म बाटो स्तरउन्नती | २००००० |
| १८ | | विद्युत पोल खरिद | ३११५३ | | ६००००० | प्राविधिक शिक्षालयको पछाडी अधुरोबाटो ग्राभेल | १००००० |
| १९ | | | | | | खरको छाना भएका १० जनालाई ५० हजारका दरले टिनको छाना वितरण | ५००००० |
| २० | ३ | ६५ नम्बर क्लिनिक भवन तारबार रंगरोगन तथा वर्थि निर्माण | ३११५९ | | ३००००० | ६५ नम्बर कन्टी स्तरउन्नती | २००००० |
| २१ | | वडा स्तरीय विपद व्यवस्थापन कोष | २७२१२ | | १५०००० | खुरुरिया शिवमन्दिर गेट निर्माण | ५०००० |
| २२ | | | | | | होमपाईप खरिद | ५०००० |
| २३ | | | | | | वडा स्तरीय विपद व्यवस्थापन कोष | ५०००० |
| २४ | | वडास्तरीय खेलकुद प्रतियोगीता | २२५२२ | | १८०००० | खेलकुद सामाग्री वितरण | ८०००० |
| २५ | | | | | | होमपाईप खरिद | ७०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६ | | | | | | मेलन बोका खरिद | | ३०००० |
| २७ | | जेष्ठ नागरिक सम्मान कार्यक्रम | २२५२२ | | २००००० | राम्री ४ सुंगुरे खोलामा कल्भर्ट | | २००००० |
| २८ | | पशु उपचार कार्यक्रम | २२५२२ | | १००००० | बुढीचौर शिव मन्दिर निर्माण | | १००००० |
| २९ | | प्रत्येक टोलमा सडक बत्ति जडान | ३११५३ | | २००००० | भदौरा तथा पिपरी कुलोमा कल्भर्ट निर्माण | | २००००० |
| ३० | | विद्यालयलाई विद्युतिय सामग्री वितरण कार्यक्रम | ३११५९ | | १००००० | राम्री प्रा.वि. स्कुल भौतिक मर्मत तथा रङ्गरोगन | | १००००० |
| ३१ | | विपद् व्यवस्थापन | २७२१२ | | ५०००० | पिपरखुट्टी कल्भर्ट मर्मत | | ५०००० |
| ३२ | | विपन्न वर्गलाई जस्तापाटा वितरण वितरण कार्यक्रम | ३११५१ | | ४००००० | राम्री ४ सुंगुरे खोलामा कल्भर्ट | | ४००००० |
| ३३ | | सिरिन भ्याली अधुरो नाला निर्माण | ३११५१ | | ३००००० | राम्री ४ सुंगुरे खोलामा कल्भर्ट | | ३००००० |
| ३४ | | महिलाहरुलाई कृषि तथा पशु तालिम | २२५१२ | आन्तरिक ऋण | १००००० | बालविवाह न्युनिकरण सचेतना कार्यक्रम | | १००००० |
| ३५ | | अपाङ्ग दिवस कार्यक्रम र लमही आँखा अस्पताललाई उपकरण खरिद | २२५२२ र ३११२२ | आन्तरिक ऋण | ९०००० | ल्यापटप खरिद | | ९०००० |
| ३६ | ५ | पहरुवा दक्षिण गल्लीमा अधुरो नाला निर्माण | ३११५१ | आन्तरिक ऋण | ४००००० | सिरुवा कुलो तथा बाटो निर्माण | | ४००००० |
| ३७ | | खेलकुद कार्यक्रम | २२५२२ | आन्तरिक ऋण | १५०००० | खेलकुद सामाग्री वितरण | | १५०००० |
| ३८ | | कालापानी बैठक भवन निर्माण | ३११५१ | आन्तरिक ऋण | ४००००० | कालापानी ट्रान्सफर्मर जडानका लागि नयाँ लाईन निर्माण | | ४००००० |
| ३९ | | कमलरोड बस बिसौना देखि दामोदर रोड सम्म बाटो कालोपत्रे | ३११५१ | आन्तरिक ऋण | ५००००० | कमलरोड बस बिसौना देखि दामोदर रोड सम्म बाटो आर.सि.सि. ढलान | | ५००००० |
| ४० | ६ | होमपाईप खरिद | ३११५९ | आन्तरिक ऋण | २००००० | विद्युत पोल खरिद | | २००००० |
| ४१ | | ईन्द्र नेपाली घर नजिक कुलोमा कलभर्ट | ३११५९ | आन्तरिक ऋण | २००००० | वडा नं. ६ भगवानपुर महिला भवनमा ग्रील, रङ्गरोगन, विजुली व्लाडिङ्ग | | २००००० |
| ४२ | | नेपाल मगर संघ समुदायको भाषा संरक्षण | २२३१३ | आन्तरिक ऋण | ५०००० | मगर संग्रहालय निर्माण | | ५०००० |
| ४३ | | कुखुरा व्यवसायीलाई औषधी वितरण | २७२१३ | आन्तरिक ऋण | ५०००० | वडा प्रोफाईल निर्माण | | ५०००० |
| ४४ | ८ | आर्थिक सहयोग कार्यक्रम | २७१११ | आन्तरिक ऋण | ५०००० | वडा प्रोफाईल निर्माण | | ५०००० |
| ४५ | | खेलकुद मैदान मर्मत | ३११५९ | आन्तरिक ऋण | १५०००० | घरिया कुलो पक्की लाईनिङ | | १५०००० |
| ४६ | | महिलालाई सिलाई कटाई तालिम | २२५१२ | आन्तरिक ऋण | २००००० | महिलालाई होजियारी तालिम | | २००००० |
| ४७ | | देविकोट मदरसा शैक्षिक तथा भौतिक निर्माण | ३११३१ | आन्तरिक ऋ | ३५०००० | मावि रुपाकोट शैक्षिक तथा भौतिक निर्माण | | ३५०००० |
| ४८ | | बाल प्रगति विद्यालय संञ्चालन | | | १००००० | बाल प्रगति विद्यालय फिल्ड निर्माण | | १००००० |
| ४९ | | मा.वि. रुपाकोट शैक्षिक तथा भौतिक निर्माण | २५३११ | आन्तरिक ऋ | ९६०००० | मावि रुपाकोट शैक्षिक तथा भौतिक निर्माण | | ५२०००० |
| ५० | | | | | | सवारी साधन मर्मत | | ५५००० |
| ५१ | ९ | | | | | देविकोट मदरसा शैक्षिक तथा भौतिक निर्माण | | ३५०००० |
| ५२ | | | | | | विविध | | ३५००० |
| ५३ | | सार्वजनिक सुनुवाई कार्यक्रम | २२५२२ | | २५००० | देविकोट स्वास्थ्य ईकाई भवन उद्घाटन कार्यक्रम | | २५००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| [illegible] | | प्रा वि मसेरी डाँडा खानेपानी मर्मत | ३११५९ | | १००००० | मसेरी डाँडा शैक्षिक सुधार | १००००० |
| | | [illegible] खानेपानी व्यवस्थापन | ३११५६ | आन्तरिक | १००००० | बालप्रगती विद्यालय फिल्ड निर्माण | १००००० |
| ५५ | | [illegible] विद्युत व्यवस्थापन | ३११५३ | | १००००० | काली मन्दिर निर्माण शान्तीपुर, मट्टीखन्ने डाँडा | १००००० |
| ५६ | | दारुल हुँदा मस्जिद भौतिक निर्माण | ३११५९ | | १००००० | मुस्लिम कब्रिस्तान स्तरउन्नती | १००००० |
| ५७ | १ | आपँखोली बगासोती बाटो निर्माण | ३११५१ | | १०००००० | बराहा प्रावि बगासोतीमा फर्निचर खरिद | ५०००० |
| ५८ | | | | | | आपँखोली बगासोती बाटो निर्माण | ९५०००० |
| ५९ | | पाखापानी विरघाट कुलोको मुहान मर्मत | ३११५५ | | ५००००० | चपटारे कन्ती र विरुघाट कुलोमा कल्भर्ट निर्माण | ५००००० |
| ६० | | भालुवाङ देसि मस्जिद स्तरउन्नती | | | १००००० | मुस्लिम कब्रिस्तान स्तरउन्नती | १००००० |
| ६१ | ७ | बड्का सिसहनियामा बाल उद्यान निर्माण | ३११५९ | | ६००००० | पुर्व गल्लीको कल्भर्ट देखि उत्तर तर्फ नाला निर्माण योजना | १००००० |
| ६२ | | | | | | बड्का सिसहनियामा बाल उद्यान निर्माण योजना | ५००००० |
| ६३ | | अपाङ्गलाई तालिम कार्यक्रम | | | ४०००० | दलितलाई बाख्रा वितरण कार्यक्रम | ४०००० |
| | २ | स्थानीय तहको क्षमता विकास तथा स्वमुल्याङ्कन LISA | २२५२२ | | १५००००० | स्थानीय तहको क्षमता विकास तथा स्वमुल्याङ्कन LISA | १४००००० |
| | | | | | | चैतैमा नाला निर्माण | १००००० |
| | ३ | विविध खर्च | २२७११ | | २५००००० | विविध खर्च | २२००००० |
| | | | | | | १ नं. को दुर्गा हिमाल मार्ग प्र.भेल | ३००००० |
| | ४ | भैपरी आउने चालु खर्च | २८९११ | | ३०६९००० | ८ नं. विजौरी बाटो मर्मत | २७६९००० |
| | | | | | | ८ नं. विजौरी बाटो मर्मत | १००००० |
| | | | | | | १ नं. वडा को टिका पुनको घरनेरको बाटो | २००००० |
| | | जम्मा | | | १८००९००० | | १८००९००० |
| | | शाखा तर्फ | | | ३४८०००० | | ३४८०००० |
| | | कुल जम्मा | | | २१४८९००० | | २१४८९००० |

निर्णय नं. २२.

मिति २०७८/११/१२ गते ग्रामिण उद्यम आर्थिक विकास आयोजना आर्थिक करिडोर कार्यालय बुटवलले प्रकाशन गरेको सूचना बमोजिम कृषि तथा पशुसेवा केन्द्र संरचना निर्माणका लागि १५% लागत साझेदारी गर्ने गरी रापती गाउँपालिकाको प्रशासनिक भवनको उत्तर तर्फ रहेको अन्दाजी ४ कठ्ठा जग्गा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २३.

रापती गाउँपालिकाको आ.व. ०७४।०७५, ०७५।०७६, ०७६।०७७ को महालेखा परिक्षकको कार्यालयवाट तयार गरिएको अन्तिम प्रतिवेदनमा भएका देहाएका दफाहरुमा उल्लेख भएका बेरुजु उपर छलफल गरी गाउँसभा मार्फत संपरिक्षकको लागी महालेखा परिक्षकको कार्यालयमा सिफारिस गर्ने पेश गर्ने निर्णय गरियो।

मिति २०७८।११।१९

## राप्ती गाउँपालिकाको चमेनागृह व्यवस्थापन कार्यविधि, २०७८

प्रस्तावना : राप्ती गाउँपालिकाको कार्यालय परिसर भित्र एउटा चमेनागृहको आवश्यकता महसुस गरि राप्ती गाउँपालिका कार्यालयको परिसरमा सु व्यवस्थित, स्वस्थ्य, सरल र सर्वसुलभ तरिकाले एउटा चमेना गृह स्थापना तथा संचालन गर्नको लागि बान्छनिय तरिकाले, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट ग्राहकलाई संरक्षण प्रदान गर्न, ग्राहकलाई उचित मुल्यमा चियाचमेना उपलब्ध गराउन लगायतका क्रियापलापहरुको व्यवस्थापन तथा नियमन गर्न तत्काल गाउँपालिकाबाट यो कार्यविधि बनाई लागु गर्न आवश्यक भएकाले राप्ती गाउँ कार्यपालिकाको मिति २०७८।११।१९ को बैठकबाट पारित गरी यो कार्यविधि लागु गरिएको छ।

**परिच्छेद–१ प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "राप्ती गाउँपालिकाको चमेनागृह व्यवस्थापन कार्यविधि २०७८" रहेको छ।

(ख) यो कार्यविधि राप्ती गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "कार्यविधि" भन्नाले राप्ती गाउँ पालिकाको कार्यालय परिसर भित्र रहेको चमेना गृह संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ लाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले राप्ती गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका चमेना गृह लाई सम्झनु पर्दछ।

(घ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको उद्देश्य राखी संचालन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ।

(ङ) "समिति" भन्नाले चमेनागृह व्यवस्थापन समिति भन्ने सम्झनु पर्दछ।

**परिच्छेद–२ चमेनागृह व्यवस्थापन**

३. चमेनागृह व्यवस्थापन समितिको गठनः(१) गाउँकार्यपालिकाले शुसासन तथा संस्थागत क्षमता विकास समितिको संयोजकत्वमा एक चमेनागृह व्यवस्थापन समिति गठन गर्ने

४. समितिका काम, कर्तव्य र अधिकारः (१) यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ः

(क) चमेनागृहको लागि आवश्यक नीतिगत तथा अन्य आवश्यक व्यवस्था गर्ने।

(ख) सुचना प्रकाशित गरि प्रतिस्पर्धाको आधारमा चमेनागृह संचालकको व्यवस्था गर्ने।

(ग) चमेनागृहमा बिक्री वितरण हुने वस्तुहरुको व्यवस्थाको लागि समन्वय गर्ने।

(घ) चमेनागृहमा बेलाबेलामा छड्के अनुगमन वा जाँच गर्ने।

(ङ) चमेनागृहको न्युनतम भाडा निर्धारण गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने।

(च) चमेनागृहमा पाइने चिया, चमेना लगायत विविध खाद्य सामाग्रीको मुल्यसूची तय गर्ने तथा समय तालिका प्रकाशन गर्ने।

(छ) गाउँ कार्यपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने गराउने।

श्रीआरान रिजाल
प्रमुख प्रशासकिय अधिकृत

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएपनि गाउँ कार्यपालिकाले चमेनागृहको सम्बन्धमा बिभिन्न मितिमा कार्यपालिकाले गरेको निर्णय बमोजिम काम कामवाही गरीने र आवश्यक परेमा बेला बेलामा कार्यपालिकाले विशेष निर्णय गर्न सक्नेछ तथा व्यवस्थापन समितिको काम कर्तव्य सन्तोषजनक नभएमा समितिलाई जुनसुकै समयमा विघटन गर्न सक्नेछ ।

५. बैठकः चमेनागृह व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिले आफ्नो कार्यविधि आफै तयार गर्नेछ । यसरी बैठक बस्दा कम्तिमा २ दिन अगाडि बैठकको विषय सहितको सूचना सदस्यहरुलाई उपलब्ध गराउन पर्नेछ । बैठकको निर्णयको गम्भिरता हेरि कार्यपालिकामा निर्णय पेश गर्नु पर्नेछ ।

६.चमेनागृह व्यवस्थापनः चमेनागृह व्यवस्थापनमा समितिको भुमिका देहाय बमोजिम हुनेछः

(१) संचालकको छनौटः निश्चित नियम पुर्याइ चमेनागृह संचालकको छनौट गर्न समितिले नै आवश्यक विज्ञापन लगायत आवश्यक प्रक्रिया गर्नेछ ।

(२) परिकारको सुची र समयतालिका प्रकाशित गर्नेः चमेनागृहमा पाइने परिकारको सुची तोकिए बमोजिम हुनेछ तथा चमेनागृहमा प्रवेश गर्ने समयतालिका समितिले तय गर्नेछ ।

(३) फर्निचरः कार्यपालिकाले चमेनागृहको लागि आवश्यक फर्निचर तथा डेकोरेसनको व्यवस्था गर्नेछ । तर फर्निचर तथा डेकोरेसन बाहेकको सामान संचालक आफैले व्यवस्था गर्नुपर्नेछ ।

(४) भाडा निर्धारणः चमेनागृह संचालनको लागि न्युनतम भाडा कार्यपालिकाले तोकिए बमोजिम हुनेछ । भाडा त्रैमासिक रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(५) धरौटीः चमेनागृह संचालनको लागि निश्चित धरौटी रकम कार्यपालिकाले तोके बमोजिम हुनेछ । सो रकम संचालकले अनुमति पाएपछि यस गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद–३ चमेनागृह संचालन सम्बन्धी व्यवस्था

७. चमेनागृह संचालकको छनौटः

(१) चमेनागृह संचालन गर्न १५ दिने सार्वजनिक सुचना जारी गरि इच्छुक निजी व्यवसायी वा संस्थाहरु मध्येबाट सुचनामा उल्लेखित प्रक्रियाबाट निवेदन आव्हान गरिनेछ ।

(२) चमेनागृहको लागि वार्षिक न्युनतम भाडा सुचनामा उल्लेख गरिए बमोजिम हुनेछ ।

(३) आवेदकले सुचनामा निर्धारण गरे बराबर वा सो भन्दा बढी रकम सिलबन्दी खाममा कबोल गरी उपलब्ध गराउनु पर्नेछ ।

(४) आवेदकले सिलबन्दी खाम तथा सुचनामा माग गरिए बमोजिमको कागजातका साथमा चमेनागृह संचालनका लागि निवेदन दिनु पर्नेछ ।

(५) कुनै पनि मान्यताप्राप्त होटल वा चमेनागृह संचालन गरेको वा काम गरेको अनुभव प्राप्त आवेदकलाई प्राथमिकता दिइनेछ ।

(६) समितिको रोहवरमा योग्य संचालकको छनौट खुला रुपमा गरिनेछ ।

(७) संचालनको लागि छनौट गरिएका आवेदकहरु मध्ये बाट कामको अनुभव तथा उनीहरुले आवेदनमा उल्लेख गरेका रकमको आधारमा छनौट गरिनेछ ।

(८) संचालक छनौटमा कुनै विवाद उत्पन्न भएमा अन्तिम निर्णय कार्यपालिकाको हुनेछ ।

शोभाराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

८. संचालकको काम, कर्तव्य र अधिकारः चमेनागृह संचालकको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

१। चमेनागृह व्यवस्थापन समितिले उपलब्ध गराएको समय तथा मुल्यसुची बमोजिम संचालकले परिकार उपलब्ध गराउनु पर्नेछ।

२। चमेनागृहमा सबै प्रकारका किराना खुद्रा सामान राख्न पाइनेछ। तर तोकिए बमोजिम बाहेक अन्य सामाग्री राख्न पाइने छैन।

३। चमेनागृहमा तोकिएको समय बाहेक कर्मचारी वा राजनीतिक पदाधिकारी बाहेक अरुलाई चमेनागृहमा प्रवेश गर्न दिनुहुँदैन।

४। चमेनागृहभित्र कुनै अवाञ्छित गतिविधि भएमा कार्यपालिका वा समितिसँग तत्काल खबर गर्नुपर्नेछ।

**परिच्छेद–४ विविध**

९. दण्ड जरिवानाः (१) चमेनागृह संचालकले चमेनागृह व्यवस्थापन समितिले दिएको दरभाउ भन्दा बढीदरमा बिक्री गर्न पाउने छैन। बढी दरमा बिक्री भएको जानकारी ग्राहकले चमेनागृह व्यवस्थापन समितिलाई गराएमा त्यसउपर यस समितिले छानबिन गरि देहायको कारबाही अगाडि बढाउन सक्नेछ :

क) यदि सो गुनासो वा उजुरी सहि ठहरेमा एक पटकको लागि मौखिक सुझाव दिन सक्नेछ।

ख) दोस्रो पटक पनि दोहोरिएमा समितिले कार्यपालिकाले तोके बमोजिम जरिवाना गर्न सक्नेछ।

ग) पटक पटक सो उजुरी दोहोरिएको पाइएमा समितिले कार्यपालिकासँग परामर्श गरि १ हप्ताको सुचना दिइ चमेनागृह संचालकलाई फेरबदल गर्न सक्नेछ। पुरानो संचालकलाई हटाउने कारबाही अगाडि बढाउदा अर्को संचालकको लागि सुचना आव्हान गर्नुपर्नेछ वा अघिल्लो सुचनामा बैकल्पिक परेको निवेदक मध्येलाई दिने निर्णय पनि कार्यपालिकाले गर्न सक्नेछ।

१०. बाधा अडकाऊ फुकाउने अधिकारः यस कार्यविधिले निर्धारण गरेको कार्य सम्पन्न गर्न कुनै बाधा अडकाउ परेमा वा कार्यविधिमा हेरफेर तथा थपघट गर्नुपर्ने भएमा चमेनागृह व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले गर्न सक्नेछ।

शोभाराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-१

(परिच्छेद ३ दफा ८ को उपदफा ४ संग सम्बन्धीत )

रामी गाउँपालिका गाउँकार्यपलिकाको कार्यालय

दरखास्त फाराम

(चमेनागृह संचालनका लागि)

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो टाँसी फोटोमा दस्तखत गर्ने |

क निवेदकले भर्ने विवरण

**वैयक्तिक विवरण**

| | | | |
|---|---|---|---|
| ...दकको नाम, थर | (देवनागरीमा): | (In English): | |
| ...कता नं.: | जारी गर्ने जिल्ला: | जारी मिति: | |
| ...को ठेगाना | (अ) जिल्ला: | (आ) स्थानीय तह: | (इ) वडा: |
| | (ई) टोल: | (उ) फोन न.: | (ऊ) ईमेल: |
| ...चार ठेगाना | (अ) जिल्ला: | (आ) स्थानीय तह: | (इ) वडा: |
| | (ई) टोल: | (उ) फोन न.: | (ऊ) ईमेल: |
| ...को नाम, थर: | | आमाको-नाम, थर: | |
| ...को नाम, थर: | | पति/पत्नीको नाम, थर: | |
| ...म मिति | (वि.स.मा): | (ई.स.मा): | हालको उमेर: |
| ... | | जन्म स्थान | रक्त समूह: |
| ... | | धर्म | |
| ...हिक स्थिति: | | रोजगारीको अवस्था: | मातृभाषा: |
| | | | आमा/बाबुको मुख्य पेशा: |
| ...िक योग्यता (भाग्मा उल्लेख गर्ने): | | | |

ग/ अनुभव/तालिम

| ...यक न्युनतम ...यता | काम गरेको/तालिम दिने संस्था | उपाधि/तालिम | समय |
|---|---|---|---|
| ...भव | | | |
| ...लिम | | | |

...ले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय ...को छैन । कुनै कुरा ढाँटी वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित ...नून तथा यस दरखास्त फारामका पृष्ठमा उल्लिखित सबै शर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु ।

| ...दकको ल्याप्चे सहिछाप | | | |
|---|---|---|---|
| दायाँ | बायाँ | ..................<br>निवेदकको दस्तखत<br>मिति: | निवेदकले माथि उल्लेख गरेका विवरणहरु ठीक छ भनि प्रमाणित गर्ने विभागीय प्रमुख/कार्यालय प्रमुखको<br>दस्तखत:<br>नाम, थर:<br>पद/दर्जा:<br>मिति:<br>कार्यालयको छाप: |

# अनुसूची-२

**(दफा ८ को उपदफा ४ सँग सम्बन्धि)**

चमेनागृहमा बनाउने वा राख्न पाउने परिकारको सुची देहाय बमोजिमको हुनेछ ।

| | |
|---|---|
| **समूह "क" चिया कफी**<br>१) कालो चिया -<br>२) दुध चिया -<br>३) कागती चिया-<br>४) हट लेमन, -<br>५) कालो कफी, -<br>६) दुध कफी - | **समूह "ख" चिसो पेय पदार्थः**<br>बजारमा उपलब्ध फ्रुटी, लिची जुस लगायत अन्य जुसहरु राख्न सकिनेछ ।<br>जुसका परिकार सवै |
| **समूह "ग" खाजाका परिकार**<br>१) फ्राइ राइस ( भेज, बफ, चिकन),<br>२) रोटी तरकारी, प्रति गोटा-<br>३) सेल तरकारी, प्रति प्लेट -<br>४) खिर तरकारी, -<br>५) चाउचाउ -<br>६) चाउमिन ( भेज, चिकन, बफ) -<br>७) मासु चिउरा-<br>८) अण्डा चिउरा -<br>९) माछा चिउरा -<br>१०) पकौडा प्रति गोटा-<br>११) जेरी प्रति गोटा- | १२) थुक्पा - भेज, मटन, चिकेन<br>१३) समोसा तरकारी प्रति गोटा-<br>१४) चिकेन फ्राइ प्रति प्लेट-<br>१५) चिकेन चिल्ली<br>१६) बफ फ्राइ<br>१७) चिकेन पखेटा फ्राई<br>१८) चिकेन पाङग्रा<br>१९) आलु दम<br>२०) प्याज पकौडा<br>२१) प्याज पकौडा लगायत मौसम अनुसार उपलब्ध खाजाका परिकारहरु राख्न सकिनेछ । |
| **समुह घ खाना**<br>१ सादा खाना -<br>२ मटन खाना -<br>३ बफ खाना<br>४) चिकेन खाना -<br>५ माछा खाना -<br>६) लोकल कुखुराको मासु - | समुह ङ दुग्धजन्य परिकार<br>१) दुध-<br>२) दहि-<br>३) मोहि-<br>४) घ्यु<br>५) पनिर |

नोटः (१) उल्लेखित परिकारको मुल्यसुची चमेनागृह व्यवस्थापन समितिको सहमतिले निर्धारण गरी कार्यपालिकाबाट स्वीकृत गरी प्रकाशित गर्नुपर्नेछ ।

(२) खुद्रा सामानको मुल्य सूचीसमेत निर्धारित गरे अनुसार राख्नु पर्नेछ ।

निर्णय नं. २ संग सम्बन्धित

गामी गापा स्तरीय दलित संजाल समितिबाट प्रस्ताव भई कार्यपालिकाकको बैठकबाट स्विकृत योजना तथा कार्यक्रमको विवरण

| क्र.सं. | कार्यक्रम /योजनाको नाम | छुट्याईएको रकम | कैफीयत |
|---|---|---|---|
| १ | दलित विधार्थीहरुलाई स्टेसनरी वितरण | ७,००,०००/- | |
| २ | दलित विधार्थीहरुलाई झोला वितरण | ४,००,०००/- | |
| ३ | वडा नं. ५ मा रहेको दलित भवनमा झ्याल तथा पल्ला | १,४०,०००/- | |
| ४ | रुख काट्ने मेसिन | ६०,०००/- | |
| ५ | दलित किशोर किशोरीहरुलाई कम्प्युटर तालिम | ४,००,०००/- | |
| कुल जम्मा | | १७,००,०००/- | |

...ीकाराम रिजाल

...मुख प्रशासकिय अधि...